आज मिति २०७८ साल पौष ६ गतेका दिन गैडुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री जमान सिंह के.सी. | अध्यक्ष |
| | श्री हिम कुमारी थकुनी | सदस्य |
| | श्री दयाराम वैद्य धाकु | " |
| | श्री आलोक कुमार धाकु | " |
| | श्री पुनाराम धाकु | " |
| | श्री बल बहादुर चलाउने | " |
| | श्री धर्म प्रकाश धाकु | " |
| | श्री टेक बहादुर धाकु | " |
| | श्री राजु कडुवाल खत्री | " |
| | श्री मोतिकला शर्मा पौडेल | " |
| | श्री शान्ति चौधरी | " |
| | श्री चन्द्रकला कामी | " |
| | श्री लक्ष्मण बहादुर नेपाली | " |
| | श्री बम बहादुर बिक. | " |
| | श्री काशी प्रसाद पंगेनी | सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री प्रकाश शर्मा | सूचना प्रविधि अधिकृत |

निर्णयहरु

निर्णय नं. १

यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न बजार तथा सडक छेउमा ऐलानी जग्गामा घर प्रयोजन तथा व्यवसाय संचालन गरी बस्दै आएका व्यक्ति-हरुबाट गाउँसभा बाट स्वीकृत दर बमोजिम बहाल बिटौरी कर आ.व. २०७८/७९ देखि लागु हुने गरी वडा कार्यालय बाट संकलन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. २

गेरुवा गाउँपालिका, वडा नं. ३, शान्तिबजार स्थित कृषि बजार भएको सार्वजनिक स्थलमा प्रदुषण भइरहेको गुनासो प्राप्त भएको हुँदा उक्त क्षेत्रमा सवारी साधन पार्किङ्ग प्रयोजन बापत गाउँपालिकाको नियमानुसारको शुल्क संकलन गरी उक्त सार्वजनिक स्थलमा फोहर तथा अन्य व्यवस्थापन गर्ने गेरुवा उद्योग वाणिज्य संघ लाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. ३

हाल यस गेरुवा गाउँपालिकामा एम्बुलेन्स सेवा नभएको हुँदा प्रदेश सरकार बाट प्राप्त अनुदान तथा गाउँपालिका बाट विनियोजित भएको बजेट बाट १ औटा एम्बुलेन्स खरिद गर्ने तथा भन्सार लगायत कर छुट प्रयोजनको लागि संघीय सरकार तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस गाउँपालिकामा गाई, गोरु तथा बस्तु पालन गर्ने घर परिवारले छाडा रुपमा गाई, गोरु तथा बस्तु छोडेमा गाउँपालिकाको नियमानुसार जरिवाना लिने निर्णय गरियो।

निर्णय नं. ५

Wash plan निर्माणको लागि प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र गेरुवा गाउँपालिका बीच भएको सम्झौता अनुरुप गेरुवा गाउँपालिकाको Wash plan बनाउने साथै साविकमा गठन भएका गाउँपालिका स्तरीय र वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति लाई तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो।

तपसिल

क) गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति

१) गाउँपालिका अध्यक्ष - अध्यक्ष
२) गाउँपालिका उपाध्यक्ष - सदस्य
३) वडा अध्यक्षहरु - सदस्य
४) स्थानीय सुरक्षा निकाय प्रमुख/प्रतिनिधि - सदस्य
५) खानेपानी उपभोक्ता समिति मध्येबाट मनोनयन गरेको एक जना - सदस्य
६) स्वास्थ्य र सरसफाई, फोहोरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने गै.स.स. मध्येबाट समितिले

मनोनयन गरेको एक महिला सहित दुई जना - सदस्य

७) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

८) वासँग सम्बन्धित शाखाका प्रमुखहरु - सदस्य

९) प्रमुख, वास इकाइ - सचिव

ख) वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति

१) सम्बन्धित वडा अध्यक्ष - संयोजक

२) सम्बन्धित वडा समितिका सदस्यहरु - सदस्य

३) सम्बन्धित वडाका स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

४) स्वास्थ्य, सरसफाई र सरोकारवालाको क्षेत्रमा कायम गर्ने संस्था मध्ये समितिले मनोनयन गरेको एक महिला सहित तीन जना - सदस्य

५) सम्बन्धित वडा - सचिव - सदस्य सचिव

निर्णय नं. ६

राजापुर नगरपालिका वडा नं. १ स्थित श्री भैरी माध्यामिक विद्यालय ललितपुर मा ३ वर्षे ओभरसियर कार्यक्रम संचालनार्थ सहायता आयोजना भएको र यस गाउँपालिका बाट सहयोगको लागि माग भएकोले उक्त ३ वर्षे ओभरसियर कार्यक्रम संचालन भएमा यस गाउँपालिकाका विद्यार्थीलाई समेत अध्ययनको अवसर हुने हुँदा पुँजीगत कार्यक्रम तर्फ उक्त विद्यालयलाई रु ५ लाख सहयोग दिने निर्णय गरियो।

निर्णय नं. ७

आ.व. २०७५/७६ मा यस गाउँपालिका वडा नं. ५ मा प्रदेश सरकार बाट प्राप्त शसर्त अनुदान तर्फको कार्यक्रम अन्तर्गत बहुउद्देश्यीय हल निर्माण का लागि प्राप्त बजेट बाट ठेक्का प्रक्रिया सम्पन्न भई मिति २०७६/०३/२३ मा असीम उन्नती निर्माण सेवा, टीकी-५, अछाम संग सम्झौता भएकोमा उक्त आ.व.मा समय अभाव को कारण निर्माण कार्य शुरु नभएको तथा यस आ.व. २०७६/७७ मा प्रदेश सरकार बाट उक्त कार्यक्रम को लागि बजेट प्राप्त नहुने देखिएकोले हल निर्माणका लागि असीम उन्नती निर्माण सेवा संग भएको ठेक्का सम्झौता रद्द गरी निजले यस कार्यालय मा राखेको बैंक जमानत निजलाई फिर्ता गर्न निर्देशन दिने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ८

गेरुवा गाउँपालिका वडा नं. ४ स्थित जनता माध्यमिक विद्यालयको नाममा राजापुर नगरपालिका वडा नं. १० मा रहेको १ विघा १५ कठ्ठा जग्गा राजापुर नगरपालिका वडा नं १० स्थित ~~जनज्योति~~ जनचेतना माध्यमिक विद्यालयले उपयोग गरिरहेको हुँदा उक्त जग्गाको विषयमा राजापुर नगरपालिका संग छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ९

यस गाउँ कार्यपालिकाको बैठकमा पेश भएका तपसिल बमोजिमको कार्यविधि माथि व्यापक छलफल गरी संशोधन सहित पारित गरियो।

तपसिल

(क) उद्योग, व्यवसाय दर्ता सम्बन्धि कार्यविधि, २०७६

(ख) गेरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

निर्णय नं. १०

आव २०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजना प्रदेश नं. ५ सरकार बाट बजेट प्राप्त भए पछि संचालन गर्ने गरी अनुमान गरिएकोमा उक्त बजेट प्राप्त नभएकाले हालालाई आ.व. २०७६।७७ को वार्षिक बजेटमा स्वीकृत सामाजिक परिचालन तथा विपन्न वर्ग ~~लक्षित~~/आय आर्जन र गरिबी निवारण कार्यक्रम तर्फ विनियोजित सम्पूर्ण रकम खर्च नहुने देखिएकाले उक्त कार्यक्रमको मा विनियोजित रु. १,५०,००,०००।- को २५% ले हुने रु. ३७,५०,०००।- रकमान्तर गर्ने तथा नपुग रकम आगामी गाउँसभाबाट स्रोत सुनिश्चित गर्ने गरी डिजाइन, इष्टिमेट तयार गर्न लगाई ठेक्का प्रक्रिया अगाडी बढाइने निर्णय गरियो।

तपसिल

१. गुल्लीपुर नालामा कल्भर्ट निर्माण

२ वडा नं. ४ र ५ को सिमानामा कल्भर्ट निर्माण

निर्णय नं. ११

गेरुवा गाउँपालिका अन्तर्गत निम्न भौतिक पूर्वाधार तर्फका कार्यक्रमहरु बजेट अभावको कारणले गाउँपालिका बाट संचालन गर्न नसकिने भएको हुँदा संघ तथा प्रदेशमा समपूरक, शसर्त तथा विशेष अनुदान तर्फ माग गर्ने साथै तत्काल गाउँपालिका बाट डि.पि.आर. तयार गर्ने निर्णय गरियो।

तपशिल

समपूरक अनुदान तर्फ (संघ/प्रदेश)

१. बनकट्टी कालिका मन्दिर देखि वडा नं. २ राजिपुर सम्म सडक कालोपत्रे
२. सिचाई रोड जनकनगर देखि पश्चिमपुर हुँदै कानपुर चौराह सम्म सडक कालोपत्रे – वडा नं. १
३. थापा राइसमिल देखि स्याउली बजार हुँदै मैनापोखर सम्म सडक कालोपत्रे – वडा नं. ६
४. रामु चौराह देखि वडा नं. १ कार्यालय हुँदै खोप केन्द्र सम्म सडक कालोपत्रे – वडा नं. १
५. मनाउ चौतारा देखि हात्तीखल्ला हुँदै नौरंगा सम्म सडक कालोपत्रे – वडा नं. ६
६. वडा नं. ५ देखि शान्तिबजार जाने सडक कालोपत्रे – वडा नं. ३
७. गोविन्दपुर देखि जनता मा.वि. सम्म सडक कालोपत्रे – वडा नं. ४
८. बेफु थारुको घर देखि सिचाई रोड जोड्ने सडक कालोपत्रे – वडा नं. ५
९. विष्णु थारुको घर देखि राजापुर वडा नं २ जोड्ने सडक कालोपत्रे – वडा नं. २
१०. निर्मला चोक देखि जोहारपुर जोड्ने सडक कालोपत्रे – वडा नं. २

विशेष अनुदान तर्फ (संघ/प्रदेश)

१. गोला स्वास्थ्य चौकी भवन – वडा नं. ४
२. मनाउ स्वास्थ्य चौकी भवन – वडा नं. ६
३. खैरावाङ आ.वि. भवन निर्माण – वडा नं. २
४. कृष्ण प्रा.वि. उदरनपुर भवन निर्माण – वडा नं. २.
५. विशेष शैक्षिक कार्यक्रम
६. आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम
७. लक्षित समुदाय उत्थान कार्यक्रम
८. फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम

Scanned with CamScanner